आज मिति २०८२ साल चैत्र २९ गते आइतबारको दिन बिहान ०७: ०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को पन्ध्रौ कार्यपालिका वैठकवाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| १५ | मध बहादुर राई | | |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: १८ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ३: एम्बुलेन्स सहयोग अनुदान ग्रहण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४ एम्बुलेन्स संचालन अनुमति सिफारिस सम्बन्धमा।

प्रस्ताव नं.५ बिपद्बाट प्रभावितहरुलाई आकस्मिक पुनर्लाभ कार्यक्रम को रकम बाडफाड सम्बन्धमा ।

प्रस्ताव नं.६ हेलुवावेसींबाट सिसुवाटार सम्म विधुत केन्द्रिय प्रसारण लाईन जडान माग सम्बन्धमा ।
प्रस्ताव नं.७ सिलीचोङ गाउँ खेलकुद विकास समितिलाई अनुदान सम्बन्धमा ।

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को चौधौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २: गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं.२ उपर छलफल गर्दा मिति २०८२/१२/२९ गते संचालन हुने सभामा देहायका प्रस्तावहरु पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

१. आ.व. २०८२/८३ को कार्यपालिका बैठक संख्या १ देखि १५ सम्म सिलीचोङ गाउँ कार्यपालिकाले गरेका कार्यपालिका बैठकका निर्णय अनुमोदन सम्बन्धी प्रस्ताव माथि छलफल।
२. गाउँसभा सदस्य श्री छत्र कुमार राईको असामायिक निधन एवं विभिन्न काल खण्डमा देशको लागि आफ्नो ज्यानको आहुतफ दिने ज्ञात, अज्ञात शहिदहरुको सम्झनामा १ मिनेटको मौनधारण प्रस्ताव ।
३. आ.व. २०८२/८३ को बिनियोजन ऐन,२०८२ को केहि योजना तथा कार्यक्रम संशोधन सम्वन्धी प्रस्ताव माथि छलफल ।

**प्रस्ताव नं. ३: एम्बुलेन्स सहयोग अनुदान ग्रहण गर्ने सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं.३ उपर छलफल गर्दा जनवादी चीनको तिब्बत स्वशासित क्षेत्र सरकारले सन् २०२३ नोभेम्बरमा सम्पन्न भएको MOU बमोजिम नेपालको हिमाली जिल्लाहरुमा स्थानीय जीवनस्तर सुधारका लागि तिब्बतको डिङ्जी काउन्टीको रिकाजे शहरले एम्बुलेन्स र अन्य स्वास्थ्य सम्बन्धी उपकरणहरु प्रदान गरेको सहायता सधन्यवाद ग्रहण गर्ने साथै सिलीचोङ गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेको गुँरास हाइड्रोपावर जलविद्युत कम्पनी लिमिटेडबाट सामाजिक उत्तरदायित्वका रुपमा एकवटा एम्बुलेन्स "ख" वर्गको सहायता प्रदान भएको सधन्यवाद ग्रहण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.४ एम्बुलेन्स संचालन अनुमति सिफारिस सम्बन्धमा।** निर्णय:

प्रस्ताव नं. ४ उपर छलफल गर्दा गर्दा चीनको तिब्बत सरकारले सन् २०२३ नोभेम्बरमा सम्पन्न भएको MOU बमोजिम स्थानीय जीवनस्तर सुधारका लागि तिब्बतको सिगात्से शहरको डिङ्जी

CamScanner

काउन्टीले यस सिलीचोङ गाउँपालिकालाई एउटा एम्बुलेन्स सहयोग गरेको हुँदा सो एम्बुलेन्सको आवश्यक मापदण्ड जाँच गरि माङ्तेवा स्वास्थ्य चौकीको नाममा संचालन अनुमतिको सिफारिस तथा साथै सिलीचोङ गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेको गुँरास हाइड्रोपावर जलविद्युत कम्पनी लिमिटेडबाट सामाजिक उत्तरदायित्वका रुपमा प्रदान गरेको एकवटा "ख" बर्गको एम्बुलेन्स शिसुवाखोला स्वास्त्थ्य चौकीको नाममा संचालन अनुमतिको सिफारिस तथा आवश्यक अन्य प्रक्रियाको लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति संखुवासभालाई अनुरोध गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.५ बिपद्बाट प्रभावितहरुलाई आकस्मिक पुनर्लभि कार्यक्रम को रकम बाँडफाड सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ५ उपर छलफल गर्दा गर्दा सिलीचोङ गाउँपालिकाको विनियोजन ऐन,२०८२ को वातावरण तथा विपद व्यवस्थापन अन्तर्गतको बिपद्बाट प्रभावितहरुलाई आकस्मिक पुनर्लभि कार्यक्रम शिर्षकमा विनियोजित रु.१२,००,०००/- रकमबाट विपद्बाट प्रभावित तपशिलका क्षेत्रहरुमा रकम बाँडफाड गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः

१. श्री नागदह कुलो सिंचाई उपभोक्ता समुह वडा नम्बर ४ लाई – नागदह कुलो सिंचाई निर्माण योजना- रु. १,००,०००/-
२. श्री भविचन्द्र राई/शंकर बहादुर राई वडा नम्बर २( पहिरो पिडित ) - श्री भविचन्द्र, शंकर बहादुर घर पहिरो रोकथाम निर्माण योजना रु.- ३,००,०००/-
३. श्री हेमराज राई वडा नम्बर ५( पहिरो पिडित ) - श्री हेमराज राई घर छेउ पर्खाल निर्माण योजना रु.- १,५०,०००/-

२०८२/०७/१४

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.६ हेलुवावेसींबाट सिसुवाटार सम्म विद्युत केन्द्रिय प्रसारण लाईन जडान माग सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ६ उपर छलफल गर्दा राज्यको नीति अनुरुप पूर्ण विद्युतिकरण कार्यक्रम अन्तर्गत सबै नागरिकले विद्युत उपभोग गर्ने मौलिक हक अन्तर्गत सेवा प्रवाह गर्नु राज्यको दायित्व भएतापनि संखुवासभा को सिलीचोङ गाउँपलालिकामा हालसम्म प्रभावकारी विद्युत सेवा प्राप्त नभईरहेको तितो सत्य उजागार गर्दै सिलीचोङ गाउँपालिकालाई प्रभावकारी विद्युतिय सेवा प्रदान गर्नका लागि खाँदवारी नगरपालिका वडा नम्बर ११ हेलुवावेसींबाट सिसुबाटारसम्म दुरी तथा भौगोलिक सहजता आदि कारणले अत्यन्तै प्रभावकारी भुगोल भएको कारण उक्त खण्डको तत्काल प्राविधिक सर्वेक्षण तथा लागत अनुमान प्रतिवेदनका लागि नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय, तुम्लिङटारलाई अनुरोध गर्ने तथा प्रतिवेदनका आधारमा उर्जा जलस्रोत तथा सिँचाई मन्त्रालय र अन्तर्गतका उर्जा विभागमा योजना माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.७ सिलीचोङ गाउँ खेलकुद विकास समितिलाई अनुदान सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ७ उपर छलफल गर्दा विनियोजन ऐन,२०८२ द्वारा विनियोजित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग साझेदारी कोष शिर्षकबाट सिलीचोङ गाउँपालिकाको ऐतिहासिक "प्रथम सिलीचोङ अध्यक्ष भलिबल कप प्रतियोगिता" संञ्चालनका लागि रु. १,५०,०००/- अनुदान स्वरुप प्रदान गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

२०८२/१२/२५